# महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

## सल्लाहकार समितिको २१ औं बैठकको निर्णयहरू

मिति २०८०।११।११

**एजेण्डा १: महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदन तयारी सम्बन्धमा**

वार्षिक लेखापरीक्षण योजना २०८० अनुसार कार्यालयले निकायहरुको जोखिम मूल्याङ्कन गरी ३७३२ कार्यालयको विस्तृत र २६०१ कार्यालयको संक्षिप्त विधिबाट लेखापरीक्षण गरीप्रतिवेदन जारी हुदै गरेको अवस्था रहेको, सबै लेखापरीक्षण सूचना प्रविधिको माध्यमबाट गरिएको व्यहोरा अवगत भयो । बैठकमा लेखा परीक्षण योजना अनुसार परीक्षण गर्दा विकास खर्चको क्षमता बढे नबढेको चालु खर्च घटाउने गरे नगरेको, राजस्व छुटको प्रभाव र असरको विश्लेषण, आयोजना सम्पन्न भएपछिको प्रभाव मूल्याङ्कन लगायतका विषय थप विश्लेषण गरेर प्रतिवेदन गर्नुपर्ने लगायतका विषयमा सल्लाहकारज्यूहरुबाट सुझाव प्राप्त भएको छ ।उक्त सल्लाह तथा सुझावलाई मध्यनजर गरी वार्षिक प्रतिवेदन तयार गर्न सबै कर्मचारीहरुले विशेष ध्यान पुऱ्याउनुपर्ने देखीन्छ ।

**एजेन्डा २ कार्यमूलक तथा विशेष लेखापरीक्षण सम्बन्धमा**

यो वर्ष कार्यमूलक लेखापरीक्षण अन्तर्गत राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम, सुनसरी मोरङ सिचाई आयोजना कार्यान्वयन, कालीगण्डकी कोरीडोरको कार्यसम्पादन, स्वास्थ्य वीमा कार्यक्रमको प्रभावकारीता, वैदेशिक रोजगारीमा जाने श्रमिकको नेपाली नियोगबाट भएको सेवा प्रवाह (मलेसिया र साउदी अरेविया), तराई मधेश सम्बृद्धि कार्यक्रम, कारागार पूर्वाधार व्यवस्थापन, संघीय भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था, खाद्य सुरक्षा कार्यक्रम तथा सो को कार्यान्वयन लगायतका २० वटा विषय, वातावरण लेखापरीक्षण २ वटा र सूचना प्रविधि १ वटा विषय लेखा परीक्षण गर्ने र निर्देशनालय बाट प्रस्ताव भएका कार्यमूलक तथा क्षेत्रगत रुपमा परीक्षण गर्ने (Themetic subject) लाई समेत प्राथमिकतामा राखेर प्रतिवेदन जारी गर्नुपर्ने देखीन्छ ।

**एजेण्डा ३: सम्परीक्षण सम्बन्धमा**

सार्वजनिक लेखा समितिको मिति २०७९।३।१७ को पत्रानुसार संघीय कार्यालय तर्फको सम्परीक्षण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ तथा दफा ४१ को आधारमा टुङ्गो लगाउने विषयमा सल्लाहकारज्यूहरु समेतको समन्वयमा नेपाल सरकार, महालेखापरीक्षकको कार्यालय र सार्वजनिक लेखा समितिसँग निरन्तर सम्पर्क र सहकार्य गरी सम्परीक्षणकार्य टुङ्गाउनु पर्ने देखीन्छ ।

**एजेण्डा ४: विविध**

सल्लाहकार समितिबाट प्राप्त सुझाव अनुसार प्रतिवेदनको आकार, विगतमा उल्लेख गरीएका व्यहोराहरु समावेश गरी २०८० चैत्र मसान्त भित्र वार्षिक प्रतिवेदन जारी गर्नुपर्ने । प्रदेशगत कार्यालय स्थापनागर्न थप प्रयास गर्नुपर्ने, सेवा प्रवाह र कार्यक्रमको सञ्चालन प्रकृया, राष्ट्रिय गौरवका आयोजनाको लागत र समयावधीको प्रभाव, लगायतका विषयलाई आधार लिई प्रतिवेदन तयार गर्नुपर्ने ।

सल्लाहकार समितिका सबै सदस्यज्यूहरुमा कार्यालयको तर्फबाट हार्दिक आभार व्यक्त गर्ने निर्णय गरियो ।